संकलन तथा प्रशोधन उद्योगको सम्भावना देखिएको छ । लघुउद्यम विकास मार्फत सीप विकास, प्रविधि हस्तान्तरण गरी पूराना उद्यमीको स्तरवृद्धि र नयाँ उद्यमीको सिर्जना हुने कार्यक्रमलाई अगाडि बढाइने छ ।

३५. विदेशबाट फर्केका बेरोजगार युवाहरुको उद्यम विकास, आयआर्जन र व्यवसायीकरण हुने खालका कार्यक्रम सञ्चालन गरी "गाउँमै बसौः यही उद्यम गरौं" भन्ने वातावरण तयार गरिने छ ।

३६. गाँउपालिका भित्रका सीप प्राप्तकर्ताहरुलाई वैधानिकता दिलाउनका लागि सीप परीक्षण कार्यक्रम सञ्चालन गरी योग्यता प्रमाणपत्र उपलब्ध गराइनेछ ।

३७. धवलागिरी गाँउपालिकामा रहेको रोजगार सेवा केन्द्रलाई आन्तरिकीकरण गर्दै रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवाहरुलाई न्यूनतम रोजगारमा संलग्न गराइनेछ ।

३८. धवलागिरी गाँउपालिका भित्र रहेका अल्लो, कागज लगायतका उद्योगहरु सञ्चालनमा अनुदानको व्यवस्था गरिनेछ ।

३९. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पालिकासँगको साझेदारीमा सञ्चालन गरि निरन्तरता दिइनेछ । रोजगार सेवा केन्द्र मार्फत गाउँपालिका भित्र रहेका ९५६ बेरोजगार युवाहरुका लागि सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

४०. गाँउपालिका भित्र दर्ता नभई सञ्चालनमा रहेका फार्मेसीहरुलाई नियमन गरी करको दायरामा ल्याइनेछ ।

४१. "एकका लागि सबै र सबैका लागि एक" सहकारीको मूल मर्म हो । सहकार्य, सहयोग, साझेदारिता नै सीमान्त किसानको आर्थिक विकासको लागि साथी र सारथि हो । पालिका भित्र रहेका सहकारीलाई सहकारीको सिद्धान्त, मूल्य मान्यता भित्र रहेर सञ्चालन गर्न अनुगमन, नियमनका कार्य नियमित रुपमा गरिने छ । गरिबसँग सहकारी, सहकारीमा रहेको पुँजीलाई आयआर्जन, उद्यम विकास र आर्थिक विकासमा केन्द्रित गर्ने वातावरण सिर्जना गरिने छ । यस पालिका भित्र सञ्चालित सहकारीहरुलाई नियमन गरी व्यवस्थित रुपमा सञ्चालन गर्ने वातावरण सिर्जना गरिनेछ ।

४२. कृषि उत्पादनको विविधीकरण मार्फत संविधान प्रदत्त खाद्य सम्प्रभुताको हकको सुनिश्चितता गरिने छ । धवलागिरीको भौगोलिक अवस्था अनुसार कृषि विकास योजना अगाडि सारिनेछ । समथर भुं-भाग खाद्यान्न तथा तरकारी उत्पादन, म्याग्दी खोला वारि पारीका ठाउँहरुमा फलफूल उत्पादन, पालिकाको सबै वडाहरुमा भौगोलिक बिशेषता अनुसारका फलफूल तथा तरकारी उत्पादन गर्न सकिंने अवस्था छ । "एक वडा एक पकेट क्षेत्र"को कार्यक्रमलाई निरन्तरता दिइनेछ । उत्कृष्ट किसानलाई गाँउपालिकाबाट पुरस्कारको व्यवस्था मिलाइनेछ ।

प्रेम प्रसाद पुन
अध्यक्ष

व्यक्तिहरुको संरक्षण, विकास तथा मूल प्रवाहीकरणका सघन कार्यक्रमहरु ल्याईने छ। अभिभावक विहीन बालबालिकाको संरक्षण गरी सहज जीवनयापन, अनिवार्य पठनपाठन, स्वास्थ्य सेवा लगायतका अधिकारहरुलाई सुनिश्चित गरिने छ।

१०५. धवलागिरी गाँउपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्नको लागि वडास्तर देखि नै बालमैत्री स्थानीय तहको लागि आवश्यक सूचकहरुमा सुधार ल्याउन जोड दिंदै आ.व. २०८०/०८१ मा धवलागिरी गाँउपालिका वडा नं. १ बाट स्थानीय बालमैत्री शासन सञ्चालनको लागि आवश्यक सूचकहरुमा सुधार ल्याईनेछ। साथै आगामी वर्षहरुमा पनि निरन्तरताका साथ बालमैत्री शासन सञ्चालन गर्न जोड दिइनेछ।

**सभा सदस्यहरु,**

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१०६. दिगो विकासका लक्ष्यहरु पूरा गर्ने गरी गाउँपालिकाका योजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन्। जलवायु अनुकुलन कार्यक्रमलाई विकास योजनामा आन्तरिकीकरण गरिनेछ।

१०७. बाढि, पहिरो, भु-क्षयका कारण उच्च जोखिममा रहेका क्षेत्रहरुमा आवश्यक तटबन्धन तथा बस्ती संरक्षण योजनाहरु सञ्चालन गरिने छ।

१०८. "प्लास्टिक बाल्न पनि हुन्न र फाल्न पनि हुन्न" भन्ने अभियानलाई अगाडि बढाईने छ। फोहोरलाई मोहोरमा रुपान्तरण गर्ने कार्यक्रम ल्याइने छ। सिसाजन्य फोहोरको न्यूनीकरण, पुन:प्रयोग र चक्रीय प्रयोगमा जोड दिइनेछ। स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूत गर्न वातावरणीय स्वच्छताका कार्यक्रमहरु अगाडि बढाईने छ।

१०९. घरबाट निष्कासन हुने कुहिने फोहोरलाई कम्पोष्ट मल निर्माण गर्ने र नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित व्यवस्थापन गरी सरसफाई स्वच्छता कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

११०. "विपद् न्यूनीकरणको लागि पुर्व तयारीमा जुटौं" भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाउनुका साथै गाँउपालिका विपद् प्रतिकार्य योजना बनाई नेपाली सेना, नेपाल प्रहरी, टोल विकास समिति, स्थानीय क्लब र रेडक्रस सोसाईटी सँग सहकार्य गरी विपद् न्यूनीकरण एवम व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

प्रेम प्रसाद पुन
अध्यक्ष

